त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
१ नं. प्रदेश

फोन नं. ०३५-४२०१०८
ईमेलः trituga.mun@gmail.com


प.सं.- २०७७/७८
च.नं.-

मितिः २०७७/१०/०५

**प्राविधिक र आर्थिक प्रस्ताव माग गरिएको सम्वन्धि सूचना**
**प्रथम पटक प्रकाशित मितिः २०७७/१०/०६**

त्रियुगा नगरपालिकामा चालू आ.व.२०७७/७८ मा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत देहायमा उल्लेखित कार्य गर्नको लागि यस कार्यालयबाट मिति २०७७/०९/२७ मा प्रकाशित सूचना बमोजिम संक्षिप्त सूचीमा रहेका संस्था/ फर्म/कम्पनीबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरिएको छ ।

१. **कार्यः** नयाँ उद्यमी सिर्जनाको लागि सिप विकास तालिम र भैरहेका उद्यमीका स्तरोन्नतिका लागि पुनर्ताजगी तथा एडभान्स तालिम सञ्चालन ।
२. **प्रस्तावहरु सम्वन्धी जानकारी र पेश गर्ने तरिकाः** यस सम्वन्धिको कार्य क्षेत्रगत शर्त बमोजिम हुनेछ । कार्य क्षेत्रगत शर्त त्रियुगा नगरपालिका, उद्यम विकास शाखा वा त्रियुगा नगरपालिकाको वेभसाईट www.triyugamun.gov.np बाट प्राप्त/डाउनलोड गर्न सकिने छ ।
३. **प्रस्ताव पेश गर्ने अन्तिम अवधिः** २०७७ माघ २० गते कार्यालय समय भित्र । उक्त दिन सार्वजनिक विदा भएमा कार्यालय खुलेको पछिल्लो दिनमा प्रस्ताव पेश गर्न सकिनेछ ।
४. **प्रस्ताव शुल्कः** रू १,०००। (त्रियुगा नगरपालिकाको कार्यालय, राजश्व शाखामा दस्तुर बुझाई नगदी रसिद संलग्न गर्नुपर्ने)
५. **प्रस्ताव पेश गर्ने स्थानः** त्रियुगा नगरपालिका, उद्यम तथा सहकारी शाखा, गाईघाट, उदयपुर ।
६. प्रस्ताव सम्वन्धि कुनै जानकारी लिनु परेमा त्रिनपा, उद्यम तथा सहकारी शाखामा सम्पर्क गर्न सकिनेछ ।

नोटः- म्याद नाघि आएका र रित नपुगी आएका प्रस्तावहरु उपर कुनै कारवाही हुने छैन ।

त्रियुगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,
उदयपुर
१ नं. प्रदेश

**त्रियुगा नगरपालिकाको कार्यालयले गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम अन्तर्गत नयाँ उद्यमी सिर्जनाको लागि सीप विकास तालिम र भैरहेका उद्यमीका लागि पुगर्ताजगी तथा एडभान्स तालिम सञ्चालन गर्न सेवा प्रदायक संस्थाहरुको लागि आर्थिक तथा प्राबिधिक प्रस्ताबको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त**

**१. सेवा प्रदायक संस्थाले गर्नुपर्ने कामको पृष्ठभूमी;**

नेपाल सरकारको सशर्त अनुदानमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) आ.ब. २०७७/७८ देखि देशका सबै स्थानीय तहमा सञ्चालनमा आएको सन्दर्भमा यस त्रियुगा नगरपालिकामा समेत सञ्चालनमा रहेको छ । लघु उद्यम बिकास मोडेलमा सञ्चालित यस कार्यक्रम अन्तर्गत लक्षित वर्गलाई प्राविधिक सीप विकास तालिम प्रदान गर्नको लागि संक्षिप्त सूचीमा रहेका सेवा प्रदायक संस्थाहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव पेश गर्नको लागि यो कार्य क्षेत्रगत शर्त तयार गरिएको छ ।चालु आ.व. २०७७/७८ मा गरिवी निवारणको लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालनमा नयाँ उद्यमी सिर्जना र भैरहेका उद्यमको स्तरोन्नतिका लागि आवश्यक प्राविधिक सीप विकास तालिम प्रदान गर्न त्रियुगा नगरपालिकाले संक्षिप्त सूचिमा रहेको सेवा प्रदायकहरुबाट प्राविधिक र आर्थिक प्रस्ताव माग गरी प्राप्त प्रस्तावहरु मध्येबाट योग्यताक्रमका आधारमा सर्वोत्कृष्ट सँस्था छनौट गरी सो संस्थासँग वडा तथा बस्तिहरुमा सीप विकास तालिम सञ्चालनका लागि सम्झौता गरिनेछ ।

**२. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमको उद्देश्यः-** गरिबीको रेखामुनी रहेका नेपाली नागरिक, वैदेशिक रोजगारबाट फर्किएका वा स्वदेशमा रोजगारी गुमाएका बेरोजगार व्यक्ति, महिला तथा युवालाई लक्षित गरी लघु उद्यम विकासको माध्यमबाट रोजगारी एवं स्वरोजगारीका अवसरहरु प्रदान गर्दै उनीहरुको आयस्तरमा सुधार गरी गरिबी निवारणमा सहयोग पुर्‍याउनु कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

**३. सीप विकास तालिम सञ्चालनको उद्देश्यः-** कार्यक्रमले छनौट गरेका सहभागिहरुलाई उद्यमशीलता विकास तालिमबाट छनौट भएका उद्यमको प्रकृति अनुसार उद्यमसँग सम्बन्धित सीप विकास तालिम प्रदान गरी सहभागीलाई गुणस्तरीययुक्त वस्तु उत्पादन गर्नसक्ने सीपको क्षमता अभिबृद्धि गर्नु र

प्रमुख प्रशासकिय अधिकृत

भैरहेका लघु उद्यमीहरुलाई उनीहरुको उद्यमको स्तरोन्नतिका लागि एडभान्स सीप विकास तालिम मार्फत स्तरोन्नति सेवा प्रदान गर्नु यसको उद्देश्य रहेको छ ।

**४. तालिम सञ्चालन हुने क्षेत्र तथा लक्ष्यः-**

यो तालिम कार्यक्रम यस त्रियुगा नगरपालिकाको ४, ५, ७, ९, १०, १२ र १३ वडाहरुमा लागू हुनेछ।

उद्यमशीलता विकास तालिम पश्चात छनौट भएका उद्यममा संलग्न सम्भावित उद्यमी तथा भैरहेका लघु उद्यमी यस तालिम सञ्चालनका लक्षित वर्ग हुनेछन् ।

| क्र.स | वडा तथा वस्तीको नाम | सीप विकास तालिम | लक्ष्य (संख्यामा) | |
|---|---|---|---|---|
| | | | नयाँ उद्यमी सिर्जनाका लागि | स्तरोन्नतिका लागि |
| १. | वडा नं. ४- वगाहा शिवशक्ति, नमोःवुध्द र नमवुध्द टोल विकास संस्थाहरु, वडा नं. ७- फुलवारी, शहरे, नमूना, तिलवारी, होक्से टोल विकास संस्थाहरु, वडा नं. १२- त्रिवेणी र सोनापुर टोल विकास संस्थाहरु र वडा नं. १३- कृष्ण टोल विकास संस्था नयाँ उद्यमी सिर्जना | उद्यम विकास सहजकर्ताहरुबाट उद्यमशीलता विकास तालिम सञ्चालन र लेखाजोखा कार्य भईरहेको- छोटो, मध्यम र लामो अवधिका सीपमूलक तालिम । | १०० | ७० |
| २. | वडा नं. ५, ९, १० र १३ स्तरोन्नति | | | |

४.१ तालिम सञ्चालनका लागि अधिकतम बजेट सिमाः रू. १५,८५,६००।- (अक्षेरेपी पन्ध्र लाख पचासी हजार छ सय मात्र)

नयाँ लघु उद्यमी सिर्जनाका लागि सीप विकास तालिमः रु. ८,८५,६००।- (अक्षेरेपी आठ लाख पचासी हजार छ सय मात्र) र भैरहेका उद्यमको स्तरोन्नतीका लागि पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिमः रु. ७,००,०००।- (अक्षेरेपी सात लाख मात्र) ।

**५. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरुः**

५.१ नयाँ उद्यमी सिर्जनाक लागि सीप विकास तालिमः उद्यमशीलता विकास तालिम लिएका सहभागिहरु मध्येबाट व्यवसायिक योजनाको आधारमा गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा २८ बमोजिमको प्राविधिक सीप बिकास तालिम प्रदान गर्नुपर्नेछ । सीप विकास तालिम प्रदान गर्दा तालिमको पाठ्यक्रम र तालिम प्रशिक्षक नेपाल

प्रमुख प्रशासकिय अधिकृत

सरकारबाट मान्यता प्राप्त भएको हुनुपर्नेछ । सीप विकास तालिम पश्चात सहभागिहरुले गुणस्तरयुक्त बजारमा प्रतिष्प्रर्धा गर्न सक्ने वस्तु उत्पादन तथा सेवा प्रदान गर्न सक्ने सुनिश्चित भएको हुनुपर्नेछ ।

५.२ भैरहेका उद्यमको स्तरोन्नतीका लागि पुनर्ताजगी तथा एडभान्स सीप विकास तालिमः गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को दफा ३७ बमोजिम स्तरोन्नतिको लागि सिप विकास तालिमका प्रदान गर्न छनौट भएका सहभागीहरुलाई तोकिएको लक्ष्य अनुसार सीप विकास तालिम प्रदान गर्नुपर्नेछ ।

५.३ तथ्याङ्क विबरण अध्यावधिक गर्नेः सेवा प्रदायक संस्थाको सीप विकास तालिम प्रदान गरे पश्चात सो तालिमको बिबरण मेडपाको Web based GESIMIS database system अनुसार कम्प्युटरमा विवरण प्रविष्ट गरी त्यसको सारांश प्रतिबेदन सम्बन्धित कार्यालयमा पेश गर्नुपर्ने छ । यसरी अद्याबधिक गरेको तथ्याङ्कको एक प्रति रकम भुक्तानी दिने कार्यलयलाई बुझाउनु पर्नेछ ।

५.४ खर्चको सार्वजनिक सुनवाईः सेवा प्रदायक संस्थाले गरेका हरेक क्रियाकलापको सार्वजनिक सुनवाई गरेको प्रतिबेदन अनिबार्य रुपमा त्रियुगा नगरपालिका उद्यम शाखामा पेश गर्नुपर्ने छ ।

५.५ सेवा प्रदायक संस्थाले उल्लेखित क्रियाकलापहरु गर्दा सम्बन्धित स्थानीय तहलाई जानकारी दिई समन्वय गरिगर्ने र संस्थाले सम्बन्धित निकायमा पेश गर्नुपर्ने प्रतिबेदन, तथ्याङ्क तथा प्रतिबेदन लगायतको विवरण सम्झौतामा तोकिएको समयाबधि भित्र पेश गर्नुपर्नेछ ।

**६. सेवा प्रदायक संस्थाको अनुभव, क्षमता, जनशक्ति र न्यूनतम योग्यताः**

क) संस्था/फर्म/कम्पनीको अनुभव, दर्ता तथा क्षमताः आशयपत्र पेश गरी संक्षिप्त सूचीमा परेकासंस्था/फर्म/कम्पनीले मात्र प्रस्ताव पेश गर्न सक्नेछन् ।

ख) जनशक्तिः

अ) तालिम संयोजक (आंशिक समय परिचालन) १ जना

१. आवश्यक न्यूनतम शैक्षक योग्यताः स्नातक तह वा सो सरह उतिर्ण गरेको तथा कम्प्युटर सम्बन्धि ज्ञान भएको ।

२. अनुभवः लघु उद्यम वा ब्यबसाय विकास वा व्यवसायिक सीप विकास वा आय आर्जनको क्षेत्रमा तालिम संयोजन, अनुगमन र निरीक्षण जस्ता कृयाकलापमा अनुभव प्राप्त गरेकोलाई प्राथमिकता दिईनेछ ।

प्रमुख प्रशासकिय अधिकृत

त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर १ नं. प्रदेश नेपाल

आ. तालिमका प्रशिक्षकः (बढीमा ४ जनासम्मको मात्र मूल्याङ्कनमा गणना हुने)

१. योग्यताः प्राविधिक शिक्षा तथा व्यबसायिक तालिम परिषद (CTEVT) अन्तर्गत राष्ट्रिय सीप परीक्षण समिति (NSTB) बाट सीप परीक्षणमा उतिर्ण गरेको वा सम्बन्धित तालिम गर्न विज्ञता हासिल गरेको हुनुपर्नेछ ।

२. अनुभवः सम्बन्धित प्राविधिक सीप बिकास तालिमको क्षेत्रमा अनुभव प्राप्त गरेको प्रशिक्षकलाई प्राथमिकता दिइनेछ ।

३. लैङ्गिक तथा सामाजिक समावेशीः महिला वा आदिबासी जनजाती वा दलित वा मधेशी वा अपाङ्ग वा पिछडिएको क्षेत्रलाई प्राथमिकता दिइनेछ ।

४. स्थानीय वा लघु उद्यमी प्रशिक्षकलाई प्राथमिकता दिइनेछ ।

**७. प्रस्तावको ढाँचाः** गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ को अनुसूची ५ को ढाँचामा प्राविधिक प्रस्ताव र अनुसूची ६ को ढाँचामा आर्थिक प्रस्ताव तयार गर्नु पर्नेछ । उक्त निर्देशिका त्रियुगा नगरपालिकाको वेभसाईट www.triyugamun.gov.np बाट समेत डाउनलोड गर्न सकिने छ ।

**८. प्रस्ताव पेश गर्ने तरिकाः**

प्रस्ताब पेश गर्न आव्हान गरिए बमोजिम प्राबिधिक प्रस्ताव र आर्थिक प्रस्तावलाई छुट्टाछुट्टै खाममा सिलबन्दी गरी खाम बाहिर नाम ठेगाना उल्लेखित गरी त्रियुगा नगरपालिका, उद्यम विकास शाखा, उदयपुर खुलाई पेश गर्नु पर्ने छ । खामको बायाँ भागको माथिल्लो खण्डमा ***मेडपा-तालिम सञ्चालन प्राविधिक/आर्थिक प्रस्ताव*** समेत उल्लेख गर्नु पर्नेछ ।

**९. प्राविधिक प्रस्तावका साथ अनिवार्य पेश गर्नु पर्ने कागजातहरू**

क) प्रस्तावित जनशक्तिका कार्य अनुभव र शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपिहरू ।

ख) प्रस्तावित जनशक्तिका व्यक्तिगत बिबरण (Curriculum Vitae) कम्तिमा दुई जनाको सन्दर्भ (References) भएको ।

ग) प्रस्तावित जनशक्तिले काम गर्न ईच्छुक छु भन्ने सहमति ।

**१०. जनशक्ति परिचालनः**

संस्थाले प्राविधिक प्रस्तावमा उल्लेख गरिएका जनशक्ति नै कार्यक्रम कार्यान्वयनको क्रममा अनिवार्य रुपमा परिचालन गर्नु पर्नेछ । काबु भन्दा बाहिरको परिस्थितिमा जनशक्ति परिवर्तन गर्नु परेमा कार्यालयको सहमतिमा समान वा सो भन्दा बढी स्तरका (तोकिएको योग्यता तथा कार्य अनुभव) जनशक्ति परिचालन गर्न सकिने छ ।

प्रमुख प्रशासकिय अधिकृत

१०. प्रस्ताव मूल्याङ्कन गर्ने तरिकाः

प्रस्ताव मूल्याङ्कन गर्दा सार्वजनिक खरिद ऐन, २०६३, नियमावली, २०६४ र गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ वमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताव गर्ने प्रस्तानलाई २० अंक प्रदान गरिने छ । पहिलो स्थान ल्याउने प्रस्तावलाई छनौट गरिने छ । दोश्रो र तेश्रो स्थान प्राप्त गर्ने प्रस्तावलाई क्रमशः वैकल्पिक सूचीमा राखिने छ । प्राविधिक प्रस्तावमा प्रस्तावदाताले उत्तिर्ण हुन ६० प्रतिशत अंक प्राप्त गर्नु पर्नेछ । प्राविधिक प्रस्ताव मूल्याङ्कन गरेपछि मात्र आर्थिक प्रस्ताव खोलिने छ । नियमानुसार प्रस्तावदाताहरु वा निजका प्रतिनिधिहरुको रोहवरमा प्राविधिक प्रस्ताव खोलिने छ ।

११. विविधः

यसमा उल्लेख नभएका अन्य कुराहारु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका, २०७७ र अन्य प्रचालित कानून वमोजिम हुनेछ ।

प्रमुख प्रशासकिय अधिकृत